# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, पुस ८ गते २०५३ साल (संख्या ३६

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

वाणिज्य मन्त्रालयका सचिव श्री मोहनदेव पन्त सिंगापुरमा आयोजना हुने विश्व व्यापार संगठनको प्रथम मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन माननीय वाणिज्य मन्त्रीज्यूको नेतृत्वमा जाने नेपाली प्रतिनिधि मण्डलका साथ त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाइ शाक्यलाई मिति २०५३।८।२३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

कर्णबहादुर चन्द

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

### खप्तड क्षेत्र पर्यटन समिति

श्री ५ को सरकारले मिति २०५३।६।२१ को निर्णय अनुसार सुदूर पश्चिमाञ्चल क्षेत्रमा अवस्थित खप्तड क्षेत्रको प्राकृतिक, वातावरणीय, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय पक्षको संरक्षण तथा सम्बर्द्धन गरी खप्तड क्षेत्रलाई धार्मिक तथा पर्यटन स्थलको रूपमा विकास गर्न देहायबमोजिमको एक खप्तड क्षेत्र पर्यटन समिति गठन गरेको छ ।

१. समितिको गठनः समितिमा देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्:–

(क) माननीय श्री भक्तबहादुर वलायर – अध्यक्ष
(ख) डोटी, बाजुरा, अछाम र बझाङ जिल्लाका माननीय सांसदहरू – सदस्य
(ग) डोटी, बाजुरा, अछाम र बझाङ जिल्ला विकास समितिका सभापतिहरू "
(घ) सचिव, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय "
(ङ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय "
(च) सचिव, अर्थ मन्त्रालय "
(छ) सचिव, कानून तथा न्याय मन्त्रालय "
(ज) संरक्षक, खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय "
(झ) उपरथी, श्री भरतकेशर सिंह "
(ञ) श्रीमती अंगुरबाबा जोशी "
(ट) श्री शिवराज श्रेष्ठ "
(ठ) श्री आर. पी. प्रधान "
(ड) श्री रणबहादुर रावल "
(ढ) अध्यक्षबाट मनोनीत तीनजना व्यक्तिहरू "
(ण) महानिर्देशक, पर्यटन विभाग सदस्य-सचिव

२. समितिको काम, कर्तव्य र अधिकारः (१) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ को अधीनमा रही समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खप्तड क्षेत्रको प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण गर्ने, गराउने ।

(ख) खप्तड क्षेत्रलाई धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले उपयोगिताको आधारमा धार्मिक क्षेत्र, सांस्कृतिक क्षेत्र, पर्यटकीय क्षेत्र, आवासीय क्षेत्र, बजार क्षेत्र, उद्योग व्यवसाय क्षेत्र, चरिचराउ (चरन) क्षेत्र, वन जंगल क्षेत्र, खानी क्षेत्र तथा सरकारी कार्यालय क्षेत्र तोकी तदनुसार यस क्षेत्रको विकासको लागि गुरु योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) खप्तड क्षेत्र र सो को मध्यवर्ती क्षेत्रलाई पर्यटक स्थलको रूपमा विकास गर्न सो क्षेत्रमा स्वास्थ्य, शिक्षा, खानेपानी, गोरेटो, घोडेटो, सडक, पुल, हेलिप्याड, बिजुली, टेलिफोन जस्ता सार्वजनिक उपयोगका वस्तुहरूको विकास, निर्माण तथा मर्मत संभारका लागि आवश्यक पूर्वाधार खडा गर्ने, गराउने ।

(घ) खप्तड क्षेत्र र सो को वरपर क्षेत्रका बासिन्दाहरूको दैनिक जीविकोपार्जनको लागि रोजगारी सृजना गर्न तथा सीपमूलक घरेलु उद्योग संचालन गर्न खप्तड राष्ट्रिय निकुञ्ज तथा त्यस क्षेत्रको प्राकृतिक तथा जैविक विविधतामा असर नपर्ने गरी त्यस क्षेत्रका स्रोत र साधनको परिचालन गरी उनीहरूको आर्थिक तथा सामाजिक विकास गराउने ।

(ङ) खप्तड स्वामीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेका कुटी (ऋषि आश्रम), खप्तड स्वामीको जीवनयापन, साधना र दिनचर्याका क्रममा प्रयोग गरेका सरसामान तथा अन्य चीज वस्तुहरू ऐतिहासिक तथा पुरातात्विक महत्वको रूपमा संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(च) खप्तड क्षेत्रलाई डोटी, बझाङ, बाजुरा, अछाम जाने मोटर सडकले जोड्ने गरी खप्तडको वरिपरि चक्रपथ (Ring Road) निर्माण गरी सो क्षेत्रमा हरियाली कायम गर्ने, गराउने ।

(छ) खप्तड स्वामीका कृतिहरू, पाण्डुलिपि, पुस्तक तथा लेखहरू संकलन, प्रकाशन, संरक्षण तथा प्रदर्शन गर्ने ।

(ज) खप्तड स्वामी ऋषि आश्रम तथा वरपरको क्षेत्रमा यज्ञ मण्डप, धर्मशाला, संस्कृत पाठशाला तथा वेद विद्याश्रम स्थापना गराउने र त्यहाँ वेद वेदान्त, रुद्रि, होम, पुराण जस्ता धार्मिक कार्य गर्ने, गराउने ।

(झ) खप्तड स्वामीको दिव्य सालिक बनाउने ।

(ञ) खप्तड क्षेत्रमा सरकारी तथा गैरसरकारीस्तरबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरूमा समन्वय कायम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) तीर्थयात्री तथा पर्यटकहरूको खाने बस्ने सुविधाको लागि पहाडी जनजीवन झल्कने किसिमबाट ठाउँ-ठाउँमा विश्राम गृह (रिजोर्ट), लज आदिको व्यवस्था गर्ने, गराउने ।

(ठ) खप्तड स्वामी ऋषि आश्रमको महत्त्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्मेलन, गोष्ठी तथा प्रदर्शनको आयोजना गर्ने ।

(ड) खप्तड क्षेत्रको विकास योजना तथा कार्यक्रमको कार्यान्वियनको लागि श्री ५ को सरकार, विदेशी सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था र दातृ संस्थाहरूसँग आवश्यक समन्वय तथा सम्पर्क कायम गर्ने ।

३. समन्वय र स्वीकृतिः दफा २ बमोजिम समितिले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा खप्तड राष्ट्रिय निकुञ्जको कार्यालयसँग आवश्यक समन्वय तथा सम्पर्क कायम राखी प्रचलित कानूनबमोजिम स्वीकृति लिनुपर्ने विषयमा सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ ।

४. समितिको कार्यक्षेत्रः दफा २ बमोजिम काम, कर्तव्य र अधिकारको प्रयोजनको लागि समितिको कार्यक्षेत्र डोटी, बझाङ, बाजुरा र अछाम जिल्लाको चौ सीमामा रहेको खप्तड राष्ट्रिय निकुञ्जभित्र अवस्थित धार्मिक क्षेत्र (खप्तड आश्रम, त्रिवेणी, सहस्र लिङ्ग, खडुली-दलुली, माईको स्थान, खापर मष्टामाण्डु, खापर दह, नागढुङ्गा, भीमढुङ्गा र डाँफेकोट समेतका क्षेत्रहरू) तथा वरपरका मध्यवर्ती क्षेत्रसम्म कायम रहनेछ ।

५. समितिको बैठक र निर्णयः

(१) समितिको बैठक समान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिले आवश्यकतानुसार कुनै स्वदेशी तथा विदेशी विशेषज्ञ तथा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको साठी प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा निजले तोकेको समितिको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६६४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(७) समितिको निर्णय अध्यक्ष तथा सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. समितिको कोषः

(१) खप्तड क्षेत्र पर्यटन विकासको लागि श्री ५ को सरकार, विदेशी सरकार, स्वदेशी तथा विदेशी संघ संस्था, व्यक्ति र अन्तरराष्ट्रिय संघ संस्था लगायतका अन्य स्रोतबाट प्राप्त हुन आएको अनुदान तथा सहायता रकम समितिको नाममा बैंकमा खाता खोली एक कोष खडा गरी राखिनेछ ।

(२) समितिको सम्पूर्ण खर्च उपदफा (१) बमोजिम खडा गरिएको कोषबाट व्यहोरिनेछ ।

(३) कोषको लेखा श्री ५ को सरकारको स्वीकृत लेखा प्रणालीअनुसार राखिनेछ र कोषको लेखा परीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

७. सल्लाहकार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः समितिले आफ्नो कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गर्न आवश्यकतानुसार सल्लाहकार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

८. सहयोग उपलब्ध गराउनुपर्नेः समितिले तयार गरेको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने काममा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत् राख्नुपर्नेछ ।

१०. समितिको कार्यालयः समितिको कार्यालय पर्यटन विभागमा रहनेछ ।

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको सचिव

६६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची २ को खण्ड (छ) को क्रमसंख्या २ र ३ को प्रयोजनको निमित्त देहायको पद र श्रेणीको लागि देहायबमोजिम न्यूनतम योग्यता तोकेको छ ।

| क्र.सं. | पद र श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | अर्थशास्त्री (रा.प.तृतीय प्रा.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्रमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त । |
| २. | महिला कार्यकर्ता (रा.प. अनं. द्वितीय प्रा.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरह उत्तीर्ण गरी ग्रामीण सर-सफाइ तथा स्वास्थ्यसम्बन्धी विषयमा ३ (तीन) महिनाको तालीम प्राप्त वा सम्बन्धित विषयमा १ (एक) वर्षको अनुभव प्राप्त । |

आज्ञाले

विश्वनाथ सापकोटा

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५३।७।२ को निर्णयानुसार यस सचिवालयका निम्न अधिकृतहरूको निम्न मितिमा ३० वर्ष सेवा अवधि पुग्ने भएकोले निम्न मितिबाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ वर्षको सेवा अवधि थप गरिएको छ ।

| क्र. सं. | नाम | पद | तीस वर्ष सेवा अवधि पुग्ने मिति | दुई वर्ष सेवा अवधि थप हुने मिति |
|---|---|---|---|---|
| १. | श्री माणिकमान सिंह डंगोल, | उप-सचिव | २०५३।१२।१९ | २०५३।१२।२० |
| २. | श्री जगतबहादुर खड्का, | शाखा अधिकृत | २०५३।८।२१ | २०५३।८।२२ |

आज्ञाले,

इन्द्रकुमार श्रेष्ठ

का. मु. विशेष सचिव

६६६



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।